मिति २०८३ साल बैशाख १५ गते मंगलबार बिहान ०९.०० बजे यस महाकाली नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री नर सिंह चैसिरज्यूको अध्यक्षतामा तपसिल बमोजिम उपस्थितिमा बैठक बसी देहाय बमोजिमका निर्णयहरू

तपसिल:

| सि.नं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री नर सिंह चैसिर | नगर प्रमुख | |
| २ | श्री दुर्गा कुमारी खत्री बिष्ट | नगर उप-प्रमुख | |
| ३ | श्री मोहन सिह महरा | सदस्य | |
| ४ | श्री शंकर सिह डोबाल | सदस्य | |
| ५ | श्री पदम सिह महर | सदस्य | |
| ६ | श्री जगत बहादुर चुनारा | सदस्य | |
| ७ | श्री दिलेन्द्र राज अवस्थी | सदस्य | |
| ८ | श्री प्रेम बहादुर पाल | सदस्य | |
| ९ | श्री सोबान सिह रैखोला | सदस्य | |
| १० | श्री भवान सिह धामी | सदस्य | |
| ११ | श्री गजेन्द्र सिह कार्की | सदस्य | |
| १२ | श्री भुवनेश्वरी रैखोला | सदस्य | |
| १३ | श्री हेमा थापा | सदस्य | |
| १४ | श्री पार्वती ऐरी | सदस्य | पार्वती |
| १५ | श्री अम्बीका नेपाली | सदस्य | |
| १६ | श्री नारा धामी | सदस्य | |
| १७ | श्री पुरन सिह बुढाथोकी | सदस्य | |
| १८ | श्री जमुना दमाई | सदस्य | |
| १९ | श्री इश्वरी ठगुन्ना (प्र.प्र.अ.) | सदस्य-सचिव | |

अन्य उपस्थिति

| | | | |
|---|---|---|---|
| | युवराज जोशी | प्रा. अ. | |
| | | | |
| | | | |

मिति २०८३ वैशाख १५ गते मंगलबार बिहान ९:०० बजे बसेको बैठकबाट देहाय बमोजिम निर्णय पारित भएकोले कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो।

१. प्रदेश नीति तथा योजना आयोग सुदूरपश्चिम प्रदेश धनगढीबाट प्रकाशित सूचना अनुसार प्रदेश विशेष अनुदान तर्फ तपसिल बमोजिम योगना माग गर्न स्वीकृत गर्ने,

तपसिल

क) व्यावसायिक पशुपंछी तथा फलफुल जडिबुटी उत्पादन कार्यक्रम वडा नं. ९,

ख) वडा कार्यालय भवन निर्माण वडा नं. २ सेला,

ग) जलपुनर्भरण तथा खानेपानी मुहान संरक्षण वडा नं. १ गोतु,

२. प्रदेश नीति तथा योजना आयोग सुदूरपश्चिम प्रदेश धनगढीबाट प्रकाशित सूचना अनुसार प्रदेश समपुरक अनुदान तर्फ तपसिल बमोजिम योजना माग गर्न स्वीकृत गर्ने,

तपसिल

क) खिरकोट पदमार्ग निर्माण योजना वडा नं. ५,

ख) मौसमी तथा बेमौसमी तरकारी उत्पादनको लागि आधुनिक पोली हाउस निर्माण वडा नं. ७,

ग) सेला बुढीचौरा पण्डोरा सडक निर्माण योजना वडा नं. २

३. नेपाल विद्युत प्राधिकरण दार्चुला वितरण केन्द्र खलंगा दार्चुलाको मिति २०८३।०१।०९ च.नं. ४७१ को प्राप्त पत्रानुसार महाकाली नगरपालिका वडा नं. १ कोट बवा सडक खण्ड निर्माणको क्रममा विद्युत HT-11 kV प्रशारण लाईनमा क्षति भइ विद्युत अबरुद्ध भएकोले सो क्षेत्रमा विद्युत सेवा सुचारु गर्न आवश्यक बजेट रु. १,३९,८३० (एक लाख उन्नचालीस हजार आठ सय तीस) माग गरिएकोले उक्त रकम दोपखे विद्युत लाइन मर्मत शिर्षकबाट खर्च व्यवस्थापन हुने गरी नेपाल विद्युत प्राधिकरण दार्चुला वितरण केन्द्रको खाता ४०९०१००००४२५७००१ मा निकासा गर्ने,



CamScanner

४. नगरकार्यपालिका बैठकबाट विभिन्न मितिमा निर्णय भइ कार्यान्वयनमा रहेका तपसिल बमोजिम कार्यक्रमहरुको लागि विनियोजित रकम आर्थिक वर्ष २०२।०८३ को लागि स्वीकृत आधुनिक प्रविधि द्वारा फोहरमैला संकलन गरी प्रशोधन गर्ने (नयाँ प्रशोधन साईट निर्माण) बजेट शिर्षकबाट खर्च व्यवस्थापन हुने गरी स्रोत सुनिश्चित गर्ने,

तपसिल

| क्र. सं. | योजना तथा कार्यक्रम | बजेट रु. | कैफियत |
|---|---|---|---|
| १ | श्रीबगर मलेरा सडक खण्ड कोटधार वाल निर्माण वडा नं. १ | ९,९०,००० | नौ लाख नब्बे हजार |
| २ | अल्कापुरी मावि कोट कोतोली विद्यालय मर्मत वडा नं. १ | ६०,००० | साठी हजार |
| ३ | भोराबगड ढलनिकास व्यावस्थापन वडा नं. ५ | १,००,००० | एक लाख |
| ४ | विभिन्न स्थानमा ढलनिकासको बिग्रीएको ढक्कनहरु निर्माण | १,००,००० | एक लाख |
| ५ | रोजगार सेवा केन्द्र लागत साझेदारी कार्यक्रम (तल्ला दत्तु घेर पर्खाल निर्माण तथा फिल्ड निर्माण) | ६,००,००० | छ लाख |
| ६ | गल्फै स्वीमिङ्ग पुल जाने बाटो निर्माण वडा नं. ५ | ९,९०,००० | नौ लाख नब्बे हजार |
| ७ | अदालत परिसरमा पीसीसी टायल फ्लोरिङ्ग योजना वडा नं. ४ | ५,८०,००० | पाद्व लाख असी हजार |
| ८ | शीतगृह सुरक्षा प्रयोजनको लागि चेनल गेट र रेलिङ्ग निर्माण वडा नं. ३ | १,००,००० | एक लाख |
| ९ | शिवनगर खेलमैदान मर्मत | १,८४,००० | एक लाख चौरासी हजार |
| १० | बागमारे पल्लोधार टेवा पर्खाल निर्माणको लागि | ९,९०,००० | नौ लाख नब्बे हजार |
| ११ | जामीरमुण्डा मेसिनरीवाल निर्माण महाकाली नगरपालिका वडा नं. ६ | ९,४०,००० | नौ लाख चालीस हजार |
| १२ | परसैन सिंचाइ नहर मर्मत तथा घट्ट निर्माण महाकाली नगरपालिका वडा नं. ६ | ५,९६,००० | पाँच लाख छ्या नब्बे हजार |

| क्र. सं. | योजना तथा कार्यक्रम | बजेट रु. | कैफियत |
|---|---|---|---|
| १३ | सिराड सिंचाइ तथा खानेपानी धारा निर्माण महाकाली नगरपालिका वडा नं. ६ | ४,५०,००० | चार लाख पचास हजार |
| १४ | ओराड देखि सिराड सम्म सोलिङ्ग बाटो तथा रेलिङ्ग निर्माण महाकाली नगरपालिका वडा नं. ६ | २,५०,००० | दुई लाख पचास हजार |
| १५ | नानपानी खोला आरसीसी पुल निर्माण महाकाली नगरपालिका वडा नं. ६ | ९,००,००० | नौ लाख |
| १६ | ब्रह्ममैकेश्वरी आ.वि. शौचालय निर्माण वडा नं. २ | १,२०,००० | एक लाख बीस हजार |
| १७ | धाप स्वास्थ्य चौकी खानेपानी मर्मत वडा नं. ७ | ५०,००० | पचास हजार |
| १८ | धौकोट सडक मर्मतमा ज्याल रकम भुक्तानी | ७,००,००० | सात लाख |

५. महाकाली नगरपालिकाको पोषण सहजकर्ताको पारिश्रमिक सुविधा सशर्त अनुदानबाट निकासा प्राप्त हुने भएको निज पोषण सहजकर्ताको सहायक चौथो तहको तलब मान अनुसार नपुग हुने रकम रु ४७,४१२ सतचालीस हजार चार सय बाह्र करार सेवा शुल्कबाट भुक्तानी दिने,

६. जय हुष्कर कन्स्ट्रक्सनले अस्थायी क्रसर प्लान्ट संचालन अनुमतिका लागि यस कार्यालयमा पेश गरेको निवेदन अनुसार तपसिलका शर्तहरुको अधिनमा रही कार्य संचालन गर्न अनुमति दिने,

तपसिल:

क. अस्थायी क्रसर प्लान्ट संचालन अनुमति परियोजना अवधि २०८३ असार १५ गते सम्मको लागि मात्र हुनेछ ।

ख. अस्थायी क्रसर प्लान्ट अनुमति महाकाली नगरपालिका वडा नं ३ कित्त नं. १४९ को क्षेत्रमा संचालन हुने र Plum Concrete 60% M15-165.00 cum, Reinforced cement concrete M20-172.2 cum को लागि आवश्यक हुने सामग्री संकलन तथा प्रशोधनको लागि मात्र हुनेछ

ग. महाकाली नगरपालिका वडा नं. ३ मा निर्माण हुने खलंगा मालवेला जायझुल बाँज झुप्कु दल्लेख सडक स्तरोन्नति कार्यमा मात्र प्रयोग हुने गरी वडा नं. ३ भित्रको ढुङ्गा, गिट्टी, बालुवा संकलन तथा प्रशोधन गर्न सकिनेछ,

घ. संकलन तथा प्रशोधन गरेको ढुङ्गा, गिट्टी र बालुवा परियोजनामा प्रयोग गर्न बाहेक अन्य कुनै पनि स्थानमा बिक्रि वितरण तथा ओसारपोसार गर्न पाईनेछैन,

ङ. ढुङ्गा, गिट्टी तथा बालुवा संकलन गर्दा वातावरणमा प्रतिकुल असर पर्ने गरी संकलन गर्न पाईनेछैन,



CamScanner

छ. अस्थायी क्रसर प्लान्ट संचालन प्रकृयामा महाकाली नगरपालिकाबाट अनुगमन/नियमन गरिनेछ र अनुगमनको शिलशिलामा नगरपालिकाबाट भएको पृष्ठपोषण अनुसार कार्य संचालन गर्नु पर्नेछ,

छ. अस्थायी क्रसर प्लान्ट संचालनका शर्तहरु थप घट गर्नु परेमा दुबै पक्षको सहमतिमा थप घट गर्न सकिनेछ,

ज. अस्थायी क्रसर प्लान्ट संचालन प्रकृयामा बाधा अडकाउ भएमा कार्यपालिकाले बाधा अडकाउ फुकाउन सक्नेछ,

झ. माथि उल्लेखित शर्तको अधिनमा रही काम नगरेको देखिएमा प्रचलित कानुन बमोजिम हुनेछ ।

७. महाकाली नगरपालिका विभिन्न वडाहरुबाट माग भइ आएका तपसिल बमोजिम योजना कार्यान्वयनको लागि देहाय बमोजिम बजेट विनियोजन गर्ने,

तपसिल

| क्र. सं. | योजना तथा कार्यक्रम | विनियोजित बजेट रु. | कैफियत |
|---|---|---|---|
| १ | सरसफाइ केन्द्र व्यवस्थापन जस्तापाता सहित | १,८३,००० | एकलाख त्रीयासी हजार |
| २ | सिर्सान टोल खानेपानी योजना मर्मत वडा नं. २ | ५०,००० | पचास हजार |
| ३ | करपचेखान ओल्सयाड थौडाखोला खानेपानी योजना भेरिएशन रकम | २,९३,८०० | दुई लाख त्रीयासी हजार आठ सय |
| ४ | ब्रह्म मन्दिर निर्माण वडा नं ३ मानाकोट | ७,००,००० | सात लाख |
| ५ | डाडाबाग मन्दिर निर्माण वडा नं २ झुस्कु | ११,५०,००० | एघार लाख पचास हजार |
| ६ | मैकाश्वरी मन्दिर निर्माण वडा नं २ | ५,००,००० | पाँच लाख |
| ७ | शिव मन्दिर निर्माण वडा नं ४ वाङ्गावगर | २,७०,००० | दुइ लाख सत्तरी हजार |
| ८ | मैखोली भेरागाडा खानेपानी निर्माण वडा नं २ | १,००,००० | एक लाख |
| ९ | धाप सिंचाइ योजना मर्मत | २,६०,००० | दुइ लाख साठी हजार |
| १० | मालिकार्जुन मन्दिर पछाडी नाली निर्माण | १०,००,००० | दशलाख |



CamScanner

| क. सं. | योजना तथा कार्यक्रम | विनियोजित बजेट रु. | कैफियत |
|---|---|---|---|
| ११ | सुरकाणा सडक देखि सुरकाणा बस्ती सम्म जाने PCC बाटो निर्माण | ४००,००० | चार लाख |
| १२ | काकडा खोला देखि सडक सम्म सिंचाइ | ५००,००० | पाँच लाख |
| १३ | मैखोली मोड देखि मैखोली मावि सम्म PCC बाटो निर्माण | ५००,००० | पाँच लाख |
| १४ | पाल जीको घर देखि मुल सडक सम्म नहर निर्माण | ३५०,००० | तीन लाख पचास हजार |
| १५ | वडा कार्यालय व्यवस्थापन म.न.पा. ५ | १०,००,००० | दश लाख |
| १६ | विधानगर टोल (चक्रे ह्याकीको घर देखि तल्लासैन) नाली निर्माण योजना म.न.पा. ५ | २००,००० | दुई लाख |
| १७ | डाडाबाग मन्दिर निर्माण म.न.पा. २ मुल्ला | ८००,००० | आठ लाख |
| १८ | हुष्कर मन्दिर निर्माण योजना म.न.पा. २ बडालीगाउँ | २५०,००० | दुई लाख पचास हजार |
| १९ | दत्तु थाप्ला सडक सफाइ योजना म.न.पा. २ | २००,००० | दुई लाख |
| २० | शिव मन्दिर् निर्माण योजना म.न.पा. ४ | २७०,००० | दुई लाख सत्तरी हजार |
| २१ | डड्या गाडतक खोला मेसिनरी वाल निर्माण योजना म.न.पा. ८ | ७००,००० | सात लाख |

८. श्रीबगर मलेरा सडक खण्ड कोटधार वाल निर्माण वडा नं. १ को निर्माण कार्य सम्पन्न भएकोले महाकाली नगरपालिकाको स्वीकृत वार्षिक बजेट अन्तरगत विपद् व्यवस्थापन खर्च शिर्षकबाट खर्च व्यवस्थापन हुने गरी रु. ९,६०,०००।०० नौ लाख साठी हजार विनियोजन गर्ने,

९. नगरपालिकाको विभिन्न सामुदायिक विद्यालयमा कार्यरत प्रारम्भिक बालविकास सहजकर्ता र विद्यालय कर्मचारीहरुको चालु आ.व २०८२/०८३ को चौथो त्रैमासिक वैशाख, जेठ र असार महिनाको तलब वापतको आवश्यक रकम ३५,१०,०००।- (पैतीस लाख दश हजार) भएकोमा कार्यालयको च.नं. १०२९ मिति २०८२।०९।१६ मा शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा नपुग रकम माग गर्दा हाल सम्म निकासा नभएकोले सम्वन्धित शीर्षकमा रु.२८,३४,०००।- (अठ्ठाइस लाख चौतीस हजार) मात्र निकासा भएका हुँदा नपुग हुने रकम रु. ६,७६,०००।- (छ लाख छाहत्तर हजार) मध्ये विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान खर्च शीर्षकबाट रु. ५,६३,०००।०० (पाँच लाख त्रीसठ्ठी हजार) र सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीको लागि छात्रवृत्ति (आवासीय तथा गैर आवासीय) खर्च शीर्षकबाट रु. १,१३,०००।०० (एक लाख तेह्र हजार) खर्च व्यवस्थापन हुने गरी भुक्तानी गर्ने,